संघीय संसद
प्रतिनिधि सभा
सातौं अधिवेशन
बैठक संख्या - ४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल चैत ६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले संघीय संसदको पाँचौं अधिवेशन चालू रहेको समयमा कोभिड-१९ को बढ्दो संक्रमणको कारणले सूचनापत्र-४ प्रकाशित गरी अधिवेशन अन्त्य भएको र छैटौं अधिवेशनमा प्रतिनिधि सभाको बैठक स्थगित रहेको अवस्थामा सूचनापत्र-४ प्रकाशित गरी उक्त अधिवेशन पनि अन्त्य भएकोले दुवै अधिवेशनका बैठक अवधिमा मा० सदस्यहरुबाट १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित हुनुको कारण सहित प्राप्त अनुपस्थितका सूचनाहरु सभाको स्वीकृतिको लागि प्रस्तुत हुन नसकेको जानकारी गराउँदै निम्नलिखित मा० सदस्यहरुको अनुपस्थितिको सूचना प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१० को उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

| क्र.सं. | मा० सदस्यको नाम | कारण | अवधि | बैठक संख्या |
|---|---|---|---|---|
| १. | मा० श्री महेन्द्र कुमारी लिम्बु | औषधोपचारका लागि विदेश | २०७६/१०/२४ देखि २०७६/११/१५ सम्म | ११ बैठक |
| २. | मा० श्री निर्जला राउत | औषधोपचारको लागि भारत | २०७६/०९/०४ देखि २०७६/११/०३ सम्म | १४ बैठक |
| ३. | मा० श्री गणेश सिंह ठगुन्ना | घरायसी काम | २०७६/१०/२८ देखि २०७६/११/२० सम्म | ११ बैठक |
| ४. | मा० श्री सुरेशचन्द्र दास | निर्वाचन क्षेत्र विकास कार्यक्रममा जिल्ला | २०७६/१०/२१ देखि २०७६/११/१६ सम्म | १३ बैठक |
| ५. | मा० श्री नवीना लामा | स्वास्थ्य परीक्षण र उपचारको लागि भारत | २०७६/०९/०४ देखि २०७६/११/१५ सम्म | १९ बैठक |
| ६. | मा० श्री यशोदा गुरुङ सुवेदी | दुर्घटनामा परि अस्वस्थ | २०७७/०२/१७ देखि २०७७/०३/१७ सम्म | १४ बैठक |
| ७. | मा० श्री केदार सिग्देल | ठुलीआमाको निधन भएकोले सामाजिक संस्कार अनुसार १३ दिन घरमा रहनुपर्ने | २०७७/०२/१९ देखि २०७७/०२/३२ सम्म | १० बैठक |
| ८. | मा० श्री कलिला खातुन | ईद मनाउन जिल्ला | २०७७/०२/०४ देखि २०७७/०३/०२ सम्म | १७ बैठक |
| ९. | मा० श्री नागेन्द्र कुमार | अस्वस्थ | २०७७/०१/२६ देखि २०७७/०३/१५ सम्म | २५ बैठक |
| १०. | मा० श्री रुही नाज | रमजान पर्व मनाउन जिल्ला | २०७७/०१/२६ देखि २०७७/०२/१४ सम्म | ११ बैठक |
| ११. | मा० श्री सूर्य बहादुर के.सी. | अस्वस्थ | २०७७/०१/२६ देखि २०७७/०२/३० सम्म | २१ बैठक |

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री लिलानाथ श्रेष्ठले "लोक सेवा आयोगको एकसट्ठीऔं वार्षिक प्रतिवेदन (२०७६ श्रावण - २०७७ आषाढ)" र "राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरुलाई दलीय आधारमा बोल्नको लागि समय दिनुहुँदा निम्नलिखित मा० सदस्यहरुले आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवाली
२. मा० श्री बालकृष्ण खाांण
३. मा० श्री पम्फा भुसाल
४. मा० श्री राजकिशोर यादव

५. मा० श्री दुर्गा पौडेल

६. मा० श्री प्रेम सुवाल

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य अशोक कोइरालाको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सभाबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक २०५८ सालको राष्ट्रिय सभा सदस्य, २०६३ को पुनर्स्थापित प्रतिनिधि सभा सदस्य एवं २०७० सालको संविधान सभा सदस्य निर्वाचनमा नेपाली कांग्रेस पार्टीबाट समानुपातिक तर्फबाट निर्वाचित सदस्य र प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनहरुमा नेतृत्वदायी भूमिका निभाउनु भएका अशोक कोइरालाको ७१ वर्षको उमेरमा मिति २०७७ साल चैत्र ४ गते राती उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत अशोक कोइरालाको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदुपरान्त बैठक २०७७ साल चैत १० गते मंगलबार दिनको १:०० बजे बस्नेगरी दिनको ३:०५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव